नेपाल सरकार
शहरी विकास मन्त्रालय
खानेपानी तथा वातावरण महाशाखा
**क्षेत्रगत क्षमता अभिबृद्धि इकाई**
पानीपोखरी, काठमाण्डौं

फोन नं. : ४४२१३९५
फ्याक्स : ४४२३०३१

पत्र संख्या :- ०६१/६२
चलानी नम्बर :- ५८

मिति:२०७१/१०/२९

श्री महानिर्देशकज्यू,

खानेपानी तथा ढल निकास बिभाग, पानीपोखरी, काठमाण्डौ।

**बिषय: खानेपानी सरसफाइ क्षेत्रगत समिक्षा गोष्ठि संचालन सम्बन्धमा।**

खानेपानी तथा सरसफाइ क्षेत्रको दोश्रो संयुक्त समिक्षाले निर्दिष्ट गरे अनुसार बिकास क्षेत्रगत रूपमा मोफसलमा पनि समिक्षा कार्यक्रम गरि स्थानीय समस्याहरू लगायत खानेपानी सरसफाई क्षेत्रगत मुद्दाहरूमा पनि ब्यापक बहस र छलफल गरि अघि बढनु पर्ने आबश्यकतालाई हृदयङ्गम गर्दै यस अघि समिक्षा आयोजन तयारी बैठकले तिथि मिति र स्थानहरू तय गरेकोबारेमा यस अघी २०७१।१०।९ मा सो कार्यक्रमहरू आयोजनाको ब्यबस्थापनमा खानेपानी बिभाग अन्तर्गतका क्षेत्रिय कार्यालयहरूको अग्रभूमिकाको अपेक्षा सहितको पत्राचार गरिएको पुन:स्मरण गराउन चाहन्छु।

पूर्व तय भएको मध्य बिराटनगर र नेपालगञ्जको कार्यक्रम यथावत् हुने गरी पोखरामा प्रस्तावित कार्यक्रम केही पछि सारी मार्चको ९-१० मा आयोजन गर्न प्रस्ताव गरिएको छ।

पत्र साथ कार्यक्रमको लागत अनुमान (मन्त्रालय र बिभिन्न Development Partner हरूले ब्यहोर्ने अंश समेत छुट्याईएको छ), क्षेत्रीयस्तरका सहभागिहरूको मोटामोटी रूपरेखा, कार्यक्रमको Program Schedule तथा ToR हरू संलगन गरिएको छ। SEIU/MoUD बाट व्यहोरिने खर्चको हकमा तत्कालका लागि RMSO ले भुक्तानी व्यबस्था मिलाई SEIU मा पठाएपछि शोधभर्ना पठाईने ब्यहोरा पनि अनुरोध छ।

बिभाग अन्तर्गत क्षेत्रीय अनुगमन तथा सुपरिवेक्षण कार्यालयका प्रमुखज्यूहरूलाई कार्यक्रम सञ्चालनको अग्रभूमिका निर्वाहका लागि समग्र निर्देशन तथा समन्वयका लागि बिभाग मार्फत अनुरोध गरिएको छ।

१०/२९

(रामचन्द्र देवकोटा)
सहसचिव/ संयोजक SEIU